# कोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी

१ नं.प्रदेश, नेपाल

## पत्रिकामा सूचना छाप्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०४।२०**

कोशी गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रमहरूमध्ये विभिन्न योजनाहरूको सिलबन्दी दरभाउपत्र तथा बोलपत्रहरूको सूचना तथा कार्यालयका अन्य आवश्यक सूचना पत्रिकामा प्रकाशन गर्न व्यवसायीहरू छनोट गरी काम गर्नुपर्ने भएको र त्यस्तो सिलबन्दी दरभाउपत्र तथा बोलपत्रहरूको सूचना राष्ट्रिय स्तरका दैनिक पत्रिका (नेपालभरी वितरण हुने) मा सूचना प्रकाशन गर्नुपर्ने हुँदा उक्त सूचनाहरू प्रकाशन गर्न इच्छुक पत्रिका वा पत्रिकामा सूचना प्रकाशन गर्न इजाजत प्राप्त संस्था वा कम्पनीहरुले निम्न शर्तहरूको अधिनमा रही तपसिलमा उल्लेखित समय, मिति र स्थानमा पत्रिकामा सूचना छपाउँदा लाग्ने दर र छुट दिने प्रतिशत सहितको दररेट गोप्य सिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको बेहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

| ठे.नं. | विवरण | फारम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| ८ | पत्रिकामा सूचना छाप्ने | रू१०००।०० . (फिर्ता नहुने गरी) | १५ औं दिनसम्म २०७९।०५।०३ गते | १६ औं दिन २०७९।०५।०४ गते १:०० बजे | १६ औं दिन २०७९।०५।०४ गते ३:०० बजे |

शर्तहरूः

१. सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्रमा उल्लेखित पत्रिकाको नाम अनुसारका पत्रिकाले तय गरेको दररेट, छुट दिने प्रतिशत अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र साथ रू.१० को टिकट टाँसी वार्षिक अनुमानित रू. २० लाखलाई आधार मानी धरौटी वापतको ५ प्रतिशतले हुन आउने रकम रु. १ लाख कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मेगा बैंक लौकहीमा रहेको धरौटी खाता नं. ३०८००१००००२५५ मा जम्मा गरेको सक्कलै बैंक भौचर संग्लन गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र साथ दरभाउपत्रदाता संस्था वा कम्पनीको संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.ब.२०७७/०७८ को संस्था नविकरण/कर चुक्ता समेत पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र फारम दस्तुर कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट रसिद काटी वा यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ३०८००१००००१८६ मा जम्मा गरेको सक्कलै भौचर पेश गरी दरभाउपत्र कार्यालय समय भित्र प्रशासन शाखाबाट खरिद गर्न सकिनेछ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको दरभाउपत्र फारम उपर कुनै कारवाही हुने छैन ।

६. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

७. दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू तोकिएको मिति र समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ र दरभाउपत्र दर्तावाला वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

८. सूचना पत्रिकाको जुनसुकै पृष्टमा छपाए हुने ।

९. अन्य जानकारीको लागि कोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

१०. माथि उल्लेखित शर्तहरू बाहेकको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

नोटः दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

कोशी गाउँपालिका

CamScanner